महानगर विपद् व्यवस्थापन समितिको मिति २०७८ श्रावण ८ गतेको बैठकवाट स्वीकृत

## कोरोना संकमित बिरामीहरुलाई प्रदान गरिने उपचार तथा राहत सहयोग सम्बन्धि निर्देशिका, २०७८

संशोधनको तीन महले ।

| महल (१) साविकको व्यवस्था | महल (२) संशोधित व्यवस्था | महल (३) संशोधन गर्नाको कारण |
|---|---|---|
| दफा २ (ङ) संकमित व्यक्ति भन्नाले कोभिड १९ को दोस्रो लहर (२०७८ बैशाख २ गते) वाट कोरोना भाइरस पोजेटिभ प्रमाणीत भएका व्यक्तिलाई सम्झनु पर्छ । | दफा २ (ङ) संकमित व्यक्ति भन्नाले आ.ब. २०७७/७८ मा कोरोना भाइरस पोजेटिभ प्रमाणीत भएका व्यक्तिलाई सम्झनु पर्छ । | २०७८ असार ३० गते को कार्यपालिकाको सुझाव बमोजिम असार ३१ को नगरसभामा जानकारी गराइएकोले । |
| दफा ४ (१) कोरोना संक्रमणवाट मृत्यु हुने व्यक्तिको हकमा जनही एक लाख रुपैंया । | दफा४ (१)कोरोना संकमणवाट मृत्यु हुने व्यक्तिको हकमा जनही एक लाख वीस हजार रुपैंया । | २०७८ असार ३० गते को कार्यपालिकाको सुझाव बमोजिम असार ३१ को नगरसभामा जानकारी गराइएकोले । |
| दफा ४(२) कोरोना संक्रमण भई अस्पताल तथा स्वास्थ्य संस्थाको आई.सि.यू. वा भेण्टिलेटरमा उपचार गराएको व्यक्तिलाई पचास हजार रुपैंया । | दफा ४(२) कोरोना संक्रमण भई अस्पताल तथा स्वास्थ्य संस्थाको आई.सि.यू. वा भेण्टिलेटरमा उपचार गराएको व्यक्तिलाई साठी हजार रुपैंया । | २०७८ असार ३० गते को कार्यपालिकाको सुझाव बमोजिम असार ३१ को नगरसभामा जानकारी गराइएकोले । |
| दफा ४(३) कोरोना संक्रमण भई अस्पताल वा स्वास्थ्य संस्थामा सामान्य उपचार गराई संक्रमणमुक्त हुने व्यक्तिको हकमा जनही अधिकतम पच्चीस हजार वा अस्पतालमा उपचार गराउँदा तिरेको वीलभरपाईको रकम मध्ये जुन कम हुन्छ सो रकम । | दफा ४(३) कोरोना संक्रमण भई अस्पताल वा स्वास्थ्य संस्थामा सामान्य उपचार गराई संक्रमणमुक्त हुने व्यक्तिको हकमा जनही अधिकतम तीस हजार वा अस्पतालमा उपचार गराउँदा तिरेको वीलभरपाईको रकम मध्ये जुन कम हुन्छ सो रकम । | २०७८ असार ३० गते को कार्यपालिकाको सुझाव बमोजिम असार ३१ को नगरसभामा जानकारी गराइएकोले । |
| दफा ४ मा उपदफा ४ थप : | दफा ४(४) कोभिड संक्रमणवाट मुक्त भई कोरोना नेगेटिभ देखिएका व्यक्ति डिस्चार्ज नहुँदै उपचार कै कममा अस्पतालमा मृत्यु भएमा समेत यो सहयोग पाउने तर कोभिड संक्रमणवाट मुक्त भई कोरोना नेगेटिभ देखिएको व्यक्ति डिस्चार्ज भएपश्चात कुनै कारणले मृत्यु भएमा यो सहयोग पाउने छैन । त्यस्तो प्रकृतीको व्यक्तिको हकमा | द्विविधा सृजना भएकोले |

| | | |
|---|---|---|
| | माथि उपदफा (२) र (३) बमोजिम हुनेछ । | |
| दफा ५, (१) (च) सम्बन्धित वडा कार्यालयको राहत सहयोगका लागि स्पष्ट किटानी सहितको सिफारीस पत्र । | दफा ५ (१) (च) सम्बन्धित वडा कार्यालयको राहत सहयोगका लागि सिफारीस पत्र । | २०७८ असार ३० गते को कार्यपालिकाको सुझाव बमोजिम असार ३१ को नगरसभामा जानकारी गराइएकोले । |
| दफा ५ (२) यस निर्देशिका बमोजिम उपचार तथा राहत सहयोगका लागि निवेदन पेश गर्ने लक्षित व्यक्तिले यो निर्देशिका लागू हुनु पूर्वका लक्षित व्यक्तिको हकमा निर्देशिका लागू भएको मितिले ३५ दिन भित्र र निर्देशिका लागू भए पश्चातका लक्षित व्यक्तिले मृत्यु भएको वा डिस्चार्ज भएको मितिले ३५ दिन भित्र उप-समिति समक्ष निवेदन दिनु पर्नेछ । | दफा ५ (२) यस निर्देशिका बमोजिम उपचार तथा राहत सहयोगका लागि निवेदन पेश गर्ने लक्षित व्यक्तिले यो निर्देशिका लागू हुनु पूर्वका लक्षित व्यक्तिको हकमा निर्देशिका लागू भएको मितिले ६० दिन भित्र र निर्देशिका लागू भए पश्चातका लक्षित व्यक्तिले मृत्यु भएको वा डिस्चार्ज भएको मितिले ६० दिन भित्र उप-समिति समक्ष निवेदन दिनु पर्नेछ । | व्यवहारिक कठिनाईलाई मध्यनजर गरी समयमा लचकता अपनाउनु पर्ने देखिएकोले । |